# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३ ) काठमाडौं, मंसीर १५ गते २०४० साल ( अतिरिक्ताङ्क ४७

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराजबाट संयुक्त राज्य अमेरिकाको राजकीय भ्रमणमा सवारी होइबक्सनु अगाडि २०४० साल मंसीर १५ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशबासीहरू,

१. आज हामी हाम्रा बडामहारानीका साथ संयुक्त राज्य अमेरिकाका महामहिम राष्ट्रपति श्री रोनाल्ड रेगनको मैत्रीपूर्ण निमन्त्रणामा मित्रराष्ट्र अमेरिकाको राजकीय भ्रमणका साथै बाटोमा पर्ने अन्य केही मुलुकहरूको भ्रमणको सिलसिलामा वाशिङ्गटनतर्फ प्रस्थान गर्दछौं ।

२. असंलग्न परराष्ट्र नीतिको अनुसरणद्वारा नेपाललाई शान्तिक्षेत्रको रूपमा व्यापक मान्यता प्राप्त गरी निर्वाधरूपले नेपाली मात्रको सर्वाङ्गीण विकास गर्नु हाम्रो राष्ट्रिय आकाँक्षा रहिआएको छ । तर आजको विश्वको बदलिंदो परिस्थिति र संसारको विभिन्न भागमा देखापरेको बढ्दो तनावपूर्ण स्थितिको परिप्रेक्ष्यमा हाम्रो यस

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राष्ट्रिय आकाँक्षाको परिपूर्तिको लागि अन्तर्राष्ट्रिय स्तरमा समेत उपयुक्त वातावरणको सिर्जना र जगेर्ना गर्ने क्रममा हामीले समय-समयमा विभिन्न मित्रराष्ट्रहरूसित भ्रमणको आदान-प्रदान गर्दै आएका हौं। हामी र हाम्रा मित्रहरूको पारस्परिक प्रयासको फलस्वरूप हाम्रो मुलुकको भलो चाहने मित्रदेशहरूको संख्या आज झन झन बढ्दै गएको छ, यो हामी सबैको लागि एक सन्तोषको विषय हो।

३. यस परिप्रेक्ष्यमा हामीले अहिले गर्न लागेको संयुक्त राज्य अमेरिकाको यात्राको आफ्नै महत्व छ। विज्ञान तथा प्रविधिको क्षेत्रमा अद्वितीय विकास गरी मानिस मात्रको मर्यादा र स्वतन्त्रतालाई सर्वोच्च आदर्श मानी विश्वकै एक शक्तिशाली राष्ट्र हुन पुगेको यो मुलुक धेरै वर्षदेखि हाम्रो मित्र तथा सहयोगी रहिआएको छ। यस्तो मुलुक-सित राष्ट्राध्यक्षको स्तरमा विचारको आदान-प्रदान गरी आपसी सद्भावना तथा सह-योगको अभिवृद्धि गर्नु हाम्रो राष्ट्रिय आकाँक्षाको परिपूर्तिको निम्ति महत्वपूर्ण भएकोले यस मैत्रीपूर्ण निमन्त्रणालाई सहर्ष स्वीकार गरी हामी यस भ्रमणमा जान लागेका हौं। यस क्रममा हामीले त्यस विशाल देशको केही भागहरूको भ्रमण गरी विभिन्न नेता तथा विद्वानहरूसित पनि सद्भावनाको आदान-प्रदानले नेपाल-अमेरिकी सहयोगको जगलाई अझ बलियो र विस्तृत पार्ने आशा राखेका छौं।

४. बाटामा पर्ने मित्रराष्ट्रहरू स्वीट्जरलैण्ड, लक्जेम्वर्ग र जापानको भ्रमणहरूबाट पनि हामीले हाम्रो राष्ट्रिय हितमा योगदान पुग्न जानेछ भन्ने विश्वास लिएका छौं।

५. हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यको लागि हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं। मुलुकको दैनिक काम मन्त्रिपरिषद्ले गर्ने नै छ। आशा छ सधैं झैं समस्त देशवासीहरूले नेपाल र नेपालीको हितलाई सोची देशमा शान्ति र सुव्यवस्था कायम राख्नमा आ-आफ्ना क्षेत्रबाट सहयोग गर्नेछन्।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्।

जय नेपाल।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५०